टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७६/०७७
चलानी नं :- ४६८

मिति : २०७६।४।२२

विषयः- कवाड व्यवसाय दर्ता सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै),

टोखा नगरपालिका ।

उपरोक्त विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।२।२१, च.नं. ७२२ को पत्रमार्फत निर्देशन भई आएअनुसार तहाँ वडा भित्र कवाड व्यवसाय संचालन गर्ने सम्पूर्ण कवाड व्यवसायीहरुलाई नेपाल कवाडी संघको अनुमति तथा वाणिज्य विभागको सिफारिस साथ वडा कार्यालयमा व्यवसाय दर्ता गरेर मात्र कवाड व्यवसाय सञ्चालन गर्ने व्यवस्था गर्नु गराउनुहुन अनुरोध छ ।

अनिल प्रसाद जोशी
अधिकृत (सातौं)

**बोधार्थ**

नेपाल कवाडी संघ, काठमाडौं

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७५।७६ मिति: २०७६।०२।२१

चलानी नं. ०२२

विषय: पत्र पठाइएको सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै (काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रे जिल्ला अन्तर्गत) ।

नेपाल कबाडी संघको मिति २०७६।०२।१३ को यस मन्त्रालयका माननीय मन्त्रीज्यूलाई सम्बोधन गरी दिएको "नेपाल कवाडी संघको सिफारिस र वाणिज्य विभागको अनुमति लिएर मात्र स्थानीय तहका वडा तथा नगरपालिकामा कवाड व्यवसाय दर्ता गरेर मात्र कवाड व्यवसाय संचालन गर्नु गराउनु र नेपाल कवाडडी संघको अनुमति वाणिज्य विभागको सिफारिस लिएर मात्र व्यवसाय दर्ता गरी कवाड व्यवसाय संचालन गर्नु गराउनु भनी सम्पूर्ण कवाड व्यवासायीहरुलाई अनिवार्य हुने गरी आदेश जारी गरी यस संघले सरसफाइ सम्बन्धी विगतदेखि गरी आएको कार्यलाई सहयोग गरी आवश्यक शान्ति सुरक्षा समेत गर्नुहुन भनी सबै तहमा निर्देशन जारी गरीपाऊँ" भनी दिएको पत्र तथा सोसाथ सलग्न कागजात प्रचलित कानून अनुसार आवश्यक कारवाहीका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

केशवराज पार्धे
शाखा अधिकृत

बोधार्थ:

श्री नेपाल कवाडी संघ, केन्द्रिय कार्यालय, काठमाडौं ।